चालु आर्थिक वष ०७५।०७६ को बाँकी ४ महिनामा नगरपालिकाले निर्दिष्ट र अपेक्षा गरेको बार्षिक नीति तथा कार्यक्रमहरुको परिपूर्ति र परिपालनाको लागि विगत आर्थिक वर्ष र चालु आ.व.को अघिल्लो ८ महीनाको अवधीमा पुग्न नसकेको ध्यान, केन्द्रीत हुन नसकेका मन, कर्ममा लिन हुन नसकेका हात र तुषारापात भई रहेको विश्वासको संकटवाट हामी बिचबाटै माथी उठदै र उठाउदै हामी विचको सघन ऐक्यवद्धता, मूल्य सहितको निगरानी, अर्थपूर्ण सजगता र सक्रियता, आशातित सहजताका साथ गतिशिल रही परिणाममुखी परिणतीको लागि प्रतिवद्ध र समर्पित भै दिन सरोकारवाला (नगरवासी, जनप्रतिनिधी, कर्मचारी, संचार जगत, उपभोक्ता समिति, टोलविकास संस्था आदी ) सवै सवैमा सादरपूर्वक अनुरोध गर्दछु ।

जानी नजानी व्यतित भई रहेको हाम्रो समय, दिशा रहित हाम्रा लक्ष्यहरु, नगरवासी विच चुकेका प्रण र प्रतिवद्धताहरुबाट उत्पन्न हुन जाने निराशा अबको ३ वर्ष पश्चात नगरवासीहरुको आँगन र आँगनमा खडा हुने चुनावी (मत) ईजलासहरुले हामी जन प्रतिनिधीहरुबाट चुनावी दौरानमा बाँडीएका आश्वासनाहरु र पदीय दायित्व वहन पश्चात सम्पादीत विकास निर्माणको कामको न्यायिक निरुपण हुने नै हुँदा समयमै यस तर्फ सजग रही बाँकी कार्यावधी आफु र सिगो नगरपालीकाले लिएको लक्ष्यको परिपूर्तिका लागि बढी जिम्मेवार र गंभीरतापूर्वक प्रस्तुत भै दिन सादर निवेदन गर्दछु ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम स्विकृत गर्दा शुसानका सन्दर्भमा शुन्य सहनशिलताको नीति अख्तियार गरेको हामीमा विदीतै छ । लक्षित कार्यक्रम परिपूर्तिका लागि कर्मचारी प्रशासनको जिम्मेवारी र जवाफदेहीता उच्च रहने कुरामा दुई मत छैन । कार्यसम्पादनको क्रममा समय समयमा कर्मचारी वृतमा देखिएका उदासिनताहरुलाई हामीले समय, समयमा प्रवर्द्धनात्मक, निरोधात्मक एवं उपचारात्मक विधीद्धारा सम्वोधन गरि सुशासनको अनुभुती दिने प्रयास गरी रहेका छौ । यद्यपी, कर्मचारी प्रशासन र आवद्ध कर्मचारीहरुमा देखिने केही अनपेक्षित स्वरुप र शैलीलाई चालु आर्थिक वर्षको बाँकी अवधीमा बढी संवेदनशिल भएर उपस्थित, प्रस्तुत र नतिजामुखी भै दिन आग्रह गर्दछु ।

अन्तमा, चालु आर्थिक वर्षको बार्षिक नीति तथा कार्यक्रमले तय गरेको लमही नगर निर्माण अभियान **(MISSION TO LAMAHI MUNICIPAL BUILDING)** मा प्रत्यक्ष एवं परोक्षरुपमा सक्रियतापूर्वक तन, मन र कर्मका साथ उच्च भूमिका निर्वाह गर्नु हुने संघीय, प्रदेश तथा स्थानीय नगरसभाका समादरणीय व्यक्तित्वहरु, राजनैतिक दलका पदाधिकारी र प्रतिनिधीज्यूहरु, छिमेकी पालीकाका आदरणीय जनप्रतिनिधी एवं पदाधिकारीज्यूहरु, स्थनीय समाजसेवी, बौद्धिक वर्ग, संचारकर्मी, आम नगरवासी तथा कर्मचारीहरु प्रति कृतज्ञता एवं धन्यवादन ज्ञापन गर्दे विदा हुन्छु ।

**धन्यवाद !**

**कुल बहादुर के.सी.**
**अध्यक्ष/नगर प्रमुख**
**चौथो नगर सभा**
**लमही नगरपालिका**